# काठमाडौँ महानगरपालिका

# यें महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## कमलादी, काठमाडौँ, बागमती प्रदेश, नेपाल

(प्रशासन विभाग)

प.सं.: ०८३।०८४

च.नं.:

# सेवा करारमा विद्यालय नर्स पदपुर्ति सम्वन्धी सूचना

प्रकाशित मितिः- २०८३/०५/१८

काठमाडौ महानगरपालिका सेवा करारमा कर्मचारी पदपुर्ति गर्ने सम्वन्धी कार्यविधी, २०७९ बमोजिम महानगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुका लागि करारमा कामकाज गर्न देहायका जनशक्ति आवश्यक भएकाले तोकिएको योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध) दिन(दोब्बर दस्तुरमा थप ७ दिन) भित्र कार्यालय समयमा रु.५००/-(अक्षरेपी रु. पाँच सय मात्र) राजश्व तिरेको सक्कल रसिद वा QR वाट भुक्तानी गरेको statement, शैक्षिक योग्यता र भएमा कार्यानुभवको प्रमाणहरुको Scan Copy सहित वेभसाईट **www.kathmandu.gov.np** मा रहेको अनलाईन आवेदन प्रणाली मार्फत दरखास्त दिनुहुन ईच्छुक सबैका लागि जानकारी गराईन्छ ।

तपशिल

| क्र.सं. | विज्ञापान नं. | पद | तह | सेवा | शैक्षिक योग्यता | माग संख्या |
|---|---|---|---|---|---|---|
| १ | ०१-२०८३/०८४ | विद्यालय नर्स | पाँचौ | स्वास्थ्य/ नर्सिङ | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट Staff Nurse (PCL Nursing) वा सो सरह उत्तीर्ण | २८ (अठ्ठाईस) |

१. परिक्षाको किसिमः- लिखित परीक्षा (५० अंक),, अन्य पक्षको मुल्याङ्कन (३० अंक) र अन्तरवार्ता (२० अक) बागमती प्रदेशको एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ बमोजिम ।

२. परिक्षा केन्द्रः- काठमाडौ महानगरपालिकाले तोके बमोजिम ।

३. लिखित परिक्षा मितिः- पछि प्रकाशित गरिनेछ ।

४. उमेदवारको उमेरको हदः- दरखास्त दिने मिति सम्म १८ वर्ष पुगी ३५ वर्ष ननाघेको तर महिला कर्मचारीको हकमा ४० वर्ष ननाघेको ।

५. करार अवधिः- चालु आ.ब. २०८३/०८४ का लागि (कार्यालयको आवश्यकता अनुसार कार्यसम्पादन उत्कृष्टताका आधारमा नवीकरण हुन सक्ने), प्रदेश सरकारले थप व्यवस्था गरेमा सोहि अनुसार हुनेछ ।

६. दरखास्त र राजश्व दस्तुर वुझाउने विधि र स्थानः- अनलाइन आवेदन प्रणाली (kathmandu.gov.np) मा दरखास्त पेश गर्ने र दस्तुर रकम NIC Asia बैंकमा रहेको काठमाडौं महानगरपालिकाको बैंक खाता नं. 0012050061475040 (Kathmandu Mahanagarpalika Ga 1.1 Samajik Bikash Bivhag) मा जम्मा गर्ने वा संग्लग्न QR मार्फत समेत दस्तुर दाखिला गर्न सकिनेछ ।

SAMAJIK BIKASH BIVHAG
Terminal: 2222120019728447
Bank Branch: Tripureswor

७. कार्य अनुभवः- सरकारी, सरकारी मान्यता प्राप्त संस्था एवं निजी क्षेत्रमा काम गरेको अनुभव वा तालिमलाई मुल्याङ्कनमा समावेश गरिनेछ ।

८. अपलोड गर्ने कागजातहरुः-

क. नेपाली नागरिकताको प्रमाणपत्र (दुवैतर्फ देखिने गरी) ।

ख. न्यूनतम शैक्षिक योग्यता र भएमा माथिल्लो शैक्षिक योग्यता भएमा योग्यता खुलेको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्र ।

ग. नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता र नविकारण भएको प्रमाणपत्र ।

घ. परीक्षा दस्तुर दाखिला गरेको बैक भौचर वा स्क्रिनसट (Screenshot) ।

ङ. विदेशी शैक्षिक संस्थावाट प्राप्त शैक्षिक उपाधीको हकमा समकक्षता निर्धारण भएको प्रमाणपत्र समेत ।

च. स्थानीयताको सम्वन्धमाः- काठमाडौ महानगरपालिका भित्रको स्थायी वासिन्दा प्रमाणितको हकमा विवाह दर्ता, वसाई सराई, फोहर प्रभावित क्षेत्रको हकमा सम्वन्धित वडा कार्यालयको सिफारिस समेत ।

छ. तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीमा तोकिएको स्थानमा PDF/JPEG Format मा अपलोड गर्नु पर्नेछ । सबै उमेदवारहरुले आफ्नो फोटो, दस्तखतको नमुना, नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी अपलोड गर्नु पर्नेछ । दरखास्तमा उल्लेख गरेको विवरणका सम्वन्धमा उमेदवार स्वयम् पुर्ण जवाफदेही हुनु पर्नेछ ।

९. अन्तरवार्ता मिति र स्थानः- लिखित परिक्षाको नतिजा प्रकाशन हुँदा तोकिनेछ ।

१०. परीक्षाको पाठ्यक्रमः- बागमती प्रदेश सरकारले तोके बमोजिमको आधारमा (सम्लग्न छ)

११. पदमा रही गर्नुपर्ने कामको विवरणः- आधारभूत नर्सिङ (Fundamentals of Nursing), विद्यालय स्वास्थ्य सेवा (School Health Nursing), बाल तथा किशोर स्वास्थ्य (Child & Adolescent Health), आपतकालीन तथा प्राथमिक उपचार (Emergency & First Aid), पोषण तथा सरसफाइ (Nutrition & Hygiene) तथा रेकर्ड तथा रिपोर्टिङ (Health Records & Reporting) सम्वन्धी विषयहरु ।

१२. सेवा तथा सुविधाः- काठमाडौ महानगरपालिकाले तोके बमोजिम ।

काठमाडौ महानगरपालिका